पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेस प्रदेश, नेपाल .

(प्रथमपटक प्रकाशित मिति २०७९/१०/१५ गते)

पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १३ (१) र (२) बमोजिम पर्सागढी नगरपालिकाको मिति २०७९/१०/१३ गतेको निर्णय अनुसार पर्सागढी नगरपालिका वडा नं १ मनवास्थिति सिंग्याही खोलाबाट चालू आव २०७९/८० को २०८० जेठ मसान्तसम्मको लागि नदीजन्य पदार्थ उत्खनन/सङ्कलन हुने ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल बिक्री गरी आय सङ्कलनका लागि प्रतिस्पर्धाका आधारमा बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न प्रथमपटक ३० (तीस) दिने सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूले बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| **आय ठेक्का नं.** | **विवरण** | **(ढुङ्गा,बालुवा, गिट्टी, ग्राभेल) जम्मा घनफिट** | **न्यूनतम कबोल अङ्क (भ्याटबाहेक)** | **बोलपत्र दस्तुर** | **कैफियत** |
|---|---|---|---|---|---|
| ०१/२०७९/८० | सिंग्याही खोला | ७,१५,४७८ घनफिट | रु २८,६१,९१२/- | ३०००/- | |

१) यो सूचना प्रथमपटक प्रकाशित मितिले ३० (तीस) दिनभित्र तपसिलमा तोकिए बमोजिमको रकम नगदै तिरी (पछि फिर्ता नहुनेगरी) यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ।

२) ठेक्काको बोलपत्र फाराम खरीद गरी ३१ (एकतीसौं) दिन दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्था प्रमाणित हुने कागजातहरू तथा आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशत धरौटी रकम यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखामा रहेको धरौटी खाता नं ०६३०१००४००००००३ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। **(नगद धरौटी जम्मा गर्न पाइनेछैन।)**

३) रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिन अर्थात् ३१ (एकतीसौं) दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

४) बोलपत्र फाराम खरीद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सोको भोलिपल्ट बोलपत्र फाराम खरीद, दाखिला र खोलिने कार्य हुनेछ।

५) ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाइ मिनहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन।

६) ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ४० प्रतिशतले हुन आउने रकम चलनपुर्जी लिने दिनमा नगदै बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ३० प्रतिशत रकम २०७९ चैत मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ताबापत ३० प्रतिशत रकम २०८० वैशाख मसान्तसम्ममा बुझाउनुपर्नेछ। ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ४० प्रतिशत रकम दाखिला गरी बाँकी ६० प्रतिशत रकमे २०८० साउन मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त (क) वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको परफरमेन्स बन्ड पेश गरी सम्झौता गर्नुपर्नेछ।

७) एकमुस्ट कबोल अङ्क बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालयबाट कायम गरिएको न्यूनतम अङ्कभन्दा घटी हुनेगरी छुट दिन सकिनेछैन।

८) कबोल अङ्कको १३ प्रतिशत मू.अकर र १.५ प्रतिशत अग्रिम आयकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

९) ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल बिक्रीमा प्रतिघनफिट रु ४/- (अक्षरेपि रु चार) का दरले निकासी गर्नुपर्नेछ।

१०) नदीजन्य पदार्थ उत्खनन गर्दा नदीको कुल चौडाइको २५ प्रतिशत दुवै किनारबाट (१०/१० मिटर) छोडी बीचको औसत चौडाइमा तोकिएको गहिराइमा लेभलिङ गरी उत्खनन गर्नुपर्नेछ।

११) नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित हुने हुँदा तोकिएको समय वा परिमाणमध्ये जुन पहिले पुग्न आउँछ, त्यसैको आधारमा सङ्कलन तथा उत्खनन कार्य बन्द गर्नुपर्नेछ।

१२) कारण जनाइ वा नजनाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रीत नपुगी आएको बोलपत्रउपर कुनै कारबाही हुनेछैन।

१३) ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा निकासीमा एक्साभेटर, डोजर जस्ता ठूला उपकरणहरू प्रयोग गर्न पाइनेछैन।

१४) प्रत्येक महीनाको ७ गतेभित्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ओसारपसारको मासिक प्रगति प्रतिवेदन र नगदी रसिदको अर्धकट्टीसमेत अनिवार्यरूपमा यस पर्सागढी नगरपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

१५) विशेषगरी बालुवा, ढुङ्गा, ग्राभेल आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी र भूबनोट एवं प्राकृतिक सौन्दर्यतामा असर नपर्ने गरी झिक्ने बन्दोबस्त ठेकेदारले मिलाउनुपर्नेछ। वातावरण सन्तुलन वा भूउपयोगिताको दृष्टिकोणबाट वन्यजन्तु आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सिमानाभित्रबाट बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेल आदि ठेकेदारले अनुमतिबेगर झिक्न पाउनेछैन। वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्जसम्बन्धी कानूनको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ।

१६) स्वीकृत कार्यविधि र आइई प्रतिवेदनमा उल्लेख भएका शर्तहरूको पालना ठेकेदारले गर्नुपर्नेछ।

१७) अन्य विस्तृत शर्तहरू सम्झौतामा उल्लेख गरिनेछ।

१८) विस्तृत जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।